# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
**महाशाखा नं. १**

पत्र संख्या :- १.भौ.सं.१७५-२०८०/०८१ — मिति २०८०/१०/२२

चलानी नं. :- ४०५२०

प्रशासन सचिवज्यूको सचिवालय
द.नं.: ४२६
मिति: २०८०/१०/२५

अत्यन्त जरुरी गोप्य

**विषयः आवश्यक कारवाही सम्बन्धमा ।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

आयोगमा दर्ता भएको उ.द.नं.८०८१C-०४४५५०, मिति २०८०/१०/१२ को "सार्वजनिक विकास निर्माणका कार्यहरुमा इन्जिनियर र प्राविधिक जनशक्तिहरु मिलेर गलत लागत अनुमान तयार गरेको" भन्ने व्यहोरा सम्बन्धी प्राप्त उजुरीको प्रतिलिपी पाना-३ (तीन) यसै पत्र साथ संलग्न छ । प्रस्तुत उजुरी उपर प्रचलित कानून वमोजिम आवश्यक कारवाही गर्न आयोगको मिति २०८०/१०/१९ को निर्णयानुसार पठाइएको व्यहोरा अनुरोध छ ।

(सन्ध्या सुव्वा)
शाखा अधिकृत

श्री उ.स. - सुशासन

आ.का.

२०८०/१०/२५

श्री शा.अ. सुशासन — भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई आवश्यक कारवाहीको लागि पठाउने।

२०८०/१०/२६

भौतिक

६

## विवरण

दर्ता नं. : 8081C-044550

चलानी नम्बर :

दर्ता मिति : २०८० माघ १२

तह : संघीय

## उजुरीकर्ताको विवरण

पुरा नाम : बेनामी ।

ठेगाना :

फोन नम्बर. :

ईमेल :

## विवरण

**दर्ता मिति** : २०८० माघ १२स्थिति: नयाँ उजुरी

**दर्ता भएको कार्यालय** : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं

**आरोपित व्यक्ति/ संस्थाको नाम** : "देश भरि नै गलत लागत अनुमान उपर छानबीनको लागि अनुरोध छ ।"

**विषय:** गलत लागत अनुमान उपर छानबीनको लागि उजुरी

### उजुरीको विवरण

गलत लागत अनुमान उपर छानबीनको लागि उजुरी गरिएको छ । प्रस्तुत विषयमा श्रीमान् प्रमुख आयुक्तज्यू स्वंयले चासो लिई कारबाहिको लागि अनुरोध गरिन्छ । यसका विस्तारको लागि पाना थान-२ (दुई) यसै साथ PDF संलग्न गरिएको छ ।

### उजुरी सँग सम्बन्धित कार्यालय

---

### सहायक कागजपत्र

श्रीमान् प्रमुख आयुक्तज्यू
अ.दु.अ.आ. काठमाण्डौं ।

विषयः गलत लागत अनुमान उपर छानबीनको लागि उजुरी ।

महोदय,

नेपालका सरकारी अड्डाहरुका भरमा भईरहेको सार्वजनिक विकास निर्माणका कार्यहरुको एकल हर्ताकर्ताको रुपमा त्याहाँका ईन्जिनियरिङ्ग प्राविधिक जनशक्तिहरु रहेका हुन्छन् । हामिले बेलाबखत के सुनेका, पढेका छौं भने नेपाल सरकार लगायत विदेशी सरकारबाट निर्माण व्यवसाय गर्न ईजाजत प्राप्त निर्माण व्यवसायी फर्म वा व्यक्ति वा कम्पनिहरुले लागत अंकको निकै घटेर काम सकार्ने र समयमा कोहि सम्पन्न गर्ने तथा कोहि नगर्ने तर यसरी धैरै हदसम्म घटाघट गरेको विषय उपर गम्भिररुपमा प्रकास पारेको हुदैन । ती व्यवसायीले यसरी ठेक्का सकार गर्दा वा त्यस अभिप्रायले सो काममा भाग लिदा पेश गरेको उसको प्रस्ताव वा स्वीकृत भएको त्यो ठेक्का अंक लागत अंक भन्दा घटेको वा बढेको भनिएको हुन्छ । एक त प्रायः आयोजनास्थलमा **आयोजना सम्बन्धी घट-बढ समेतको विवरण राखिएको पाईदैन्** । अर्को के भने कुनै कुनै ठेक्का कार्य आयोजनामा त ६०-८०% पनि घटेको भनिएको पाईन्छ । अर्थात मात्र २०-४०% मा कस्तो खालको कामको अपेक्षा गरिन्छ वा उदाहरणका लागि २०-४०% मात्रै लागतमा काम हुने भएको त्यो कामकाजको लागि त्यत्रो समय र लागत खर्चेर किन र के-कस्तो खालका विस्तृत लागत तयार गरिएको हुन्छ ? लागत तयारीको लागि पनि छुट्टै ठुलै खर्च गरिएको हुन्छ । त्यो सक्कल लागत अंक नै कतै त्यो हदसम्मको बढाएर कायम गरिएको त होईन? यो कुरा उपर अख्तियारले हालसम्म अन्वेषण गरेको छैन् । यस विषयमा कुनै प्रतिवेदन सार्वजनिक गरिएको छैन । धैरैजसो अड्डामा लागत बढाउने र केहि अंक घटेर काम भएको, जनताको आँखामा छारो हाल्न, भन्ने मिडियामा आउने गरेको छ । यो वार्षिक रोग नै हो । साधारणतया घुमिफिरी मिडिया पनि कुनै न कुनै रुपमा मह काढ्ने ठाँउमा हात चाटन् पुग्छ । खास गरि प्रचलित कार्यविधि, मापदण्ड, नर्मस र शैक्षिकरुपमा प्राप्त गरेको पेशागत मर्यादित ईन्जिनियरिङ्ग सिद्धान्त विपरित जम्मा जम्मी एकमुष्ठ अनुमान गर्ने, आवश्यकता भन्दा बढता कामको विवरण तयारी, अनुमान गर्ने र निर्माण व्यवसायीले घटेको भनिएको अंक सरकारलाई बचत गराउने भन्दा

पनि अन्य तवरले छोटो माध्यमबाट उनैलाई फाईदा हुने गरी भेरिएशन गर्ने वा उहि काममा लापरवाहिका कारण छुटेका भनि थप काम गराउने प्रवृति व्याप्त छ । भेरएशनको सहि मर्म संरचनागत त्रुटि नआओस् भन्ने हो तर यस विपरित छुटेका काम वा आईटमलाई नै प्राविधिकरुपमा वस्तुनिष्ठ कारण बुझिरहदाँ लागत तयारीमा खर्चेको रकमको सदुपयोग उपर प्रश्न चिन्ह खडा हुन्छ । नभए सरासर लापरवाहिपूर्वक लागत तयारी गरेर सो वापतको रकमको दुरुपयोग भएको आम बुझाई हुन्छ । यी सब कामको कारण नेपालको विकासमा बजेटको दुरुपयोग भईरहेकोले विकसित मुलुक बन्नमा रोकावट भएको हो ।

मानौं, रु. १०० सहि लागत हुने कार्यलाई नियतवश बढाएर रु. १५० लागत स्वीकृति कायम गरी प्रचलित खरिद विधिको पालना गरेर संबंधित व्यवसायीले रु. १०० मै कार्य गर्न खरिद सम्झौता गरे भने यहाँ ३३% अर्थात एक तिहाई घटेको बुझिन्छ । तर वास्तवमा उसले शत प्रतिशत परल मूल्य मै खरिद सम्झौता प्राप्त गरेको स्पष्ट देखिन्छ । यसबाट एकातर्फ देशको ढुकुटि फजुल रित्तीरहेको छ भने अर्को तर्फ आम जनमानसमा विकासका संवाहक ईन्जनियर र ठेकेदारले मिलेर देशमा लुतन्त्र मच्चाईरहेको मौलाउदो छ । कम्तिमा अहिलेको एक्काईसौ शताब्दीमा एक पटक लागत अनुमानहरु मध्ये अख्तियारले नमूना आयोजना छनौट गरि सो को लागत तयारीमा भएको लापरवाहि कामलाई छानबीन गरि ईन्जिनियरहरुको ईमान्दारिताको जाँच गर्नुपर्ने देखिन्छ । प्रचलित खरिद विधिको पालना गर्दा गर्दै नेपालको निर्माणमा विकासमा भईरहेको यस प्रकारको ब्रम्हलुटलाई रोक्न जरुरी छ । कुनै पनि विकासको मुल कार्य आयोजनाको लागत ठेक्ने कामबाट सुरुवात हुन्छ । यो नै विकासको मुहान हो । यदि मुहान नै दुषित मनसायले प्रेरित पाईयो भने नेपाल विकास हुन अझ समय लाग्छ । यस्तो मुहान भन्दा पनि उपर जनस्तरको शिक्षा हो । सबै शिक्षित भए लागत बढाएको नबढाएको कुरा माथि ठाँउको ठाँउमा बहस हुनेछ । हाललाई अख्तियारले एक पटक प्रस्तुत विषय बारे अग्रसरता देखाई विकास कार्यको लागत अनुमानको अनुगमन र सो को तयारी कार्यको छड्के गर्नहुन यो गजुरी गरिएको छ । जय नेपाल !